# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४६) काठमाडौं, पुस२४ गते २०५३साल (अतिरिक्ताङ्क५२ (घ)

## भाग ३

### निर्वाचन आयोगको

### सूचना १

निर्वाचन (अपराध र सजाय) ऐन २०४७ को दफा २४ को उप-दफा (१) ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले सोही ऐनअन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा जाँचबुझ तथा अनुसन्धान गर्न प्रतिनिधिसभा सदस्यको उप-निर्वाचनको लागि २०५३ साल माघ ११ गते मतदान हुने निर्वाचन क्षेत्र रहेको सुनसरी, काठमाडौं, बैतडी, रूपन्देही र रौतहट जिल्लामा सोही जिल्लाको जिल्ला प्रहरी कार्यालयको प्रमुखलाई जाँचबुझ र अनुसन्धान गर्ने अधिकारी तोकेको हुँदा यो सूचना प्रकाशन गरिएको छ ।

### सूचना २

निर्वाचन (अपराध र सजाय) ऐन, २०४७ को दफा २५ को उप-दफा (२) को प्रयोजनको लागि निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्यको उप-निर्वाचनको निमित्त २०५३ साल माघ ११ गते मतदान हुने निर्वाचन क्षेत्र रहेको सुनसरी, काठमाडौं, बैतडी, रूपन्देही र रौतहट जिल्लाको जिल्ला सरकारी वकिल कार्यालयका जिल्ला सरकारी अधिवक्तालाई अधिकृत तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

१०५१

आज्ञाले,
हिरण्यलाल रेग्मी
निर्वाचन आयोगको सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१०७२

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।